# खेलकूद विकास ऐन, २०७४

## खेलकुद विकास गर्न बनेको ऐन,

### प्रस्तावना

खेलकुदको माध्यमबाट विद्यार्थी तथा युवाहरुको शारीरिक तथा मानसिक विकास गरी सक्षम र अनुशासित नागरिक तयार गर्नको निमित्त खेलकुद सम्बन्धी तालिम संचालन गरी सबै किसिमको खेलकुद आयोजना गर्न तथा स्थानिय, प्रदेश, केन्द्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगितामा गाउँपालिकाको उपयुक्त सहभागिता समेतको आवश्यक व्यवस्था गरी खेलकुदको विकास गर्न वाञ्छनीय भएकोले यस "खेलकुद विकास ऐन, २०७४" गाउँ सभाले पारित गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "खेलकुद विकास ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा**

२.१ बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :-

२.१.१ **"समिति"** भन्नाले दफा ३ बमोजिम स्थापना भएको स्थानिय खेलकुद समिति सम्झानु पर्छ ।

२.१.२ **"अध्यक्ष"** भन्नाले समितिको अध्यक्ष सम्झानु पर्छ ।

२.१.३ **"सदस्य"** भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष, सदस्य-सचिव र कोषाध्यक्षलाई समेत जनाउँनेछ ।

२.१.४ **"सचिव"** भन्नाले समितिको सचिव सम्झनु पर्छ ।

२.१.५ **"खेलकुद विकास समिति"** भन्नाले दफा १२ बमोजिम गठित खेलकुद विकास समिति सम्झनु पर्छ ।

२.१.६ **"खेलकुद सम्बन्धी संस्था"** भन्नाले दफा १३ बमोजिम दर्ता भएको संस्था सम्झनुपर्छ ।

२.१.७ **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस नियमावली अन्तर्गत बनेको विनियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

**३. समितिको गठन :**

(१) खेलकुदको विकास गर्नको लागि पाँचपोखरी खेलकुद विकास नामले एक समितिको गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने समितिमा देहायमा सदस्यहरु रहनेछन् :

(क) खेलकुद विभाग प्रमुख वा निजको सिफारिमा कार्यपालिकाले तोकेको व्यक्ती -अध्यक्ष १

(ख) गाउँकार्यपालिकाले मनोनित गरेको ब्यक्ति उपाध्यक्ष १

(ग) गाउँकार्यपालिकाले मनोनित गरेको ब्यक्ति कोषाध्यक्ष १

(घ) राष्ट्रिय अन्तर्राष्ट्रिय तथा स्थानीय स्तरमा खेलेका विभिन्न विधामा ख्याति कमाएका वा प्रतिभा आर्जन गरेका खेलाडिहरू मध्ये यस गाउँपालिका क्षेत्रभित्रका कम्तीमा १ जना महिला खेलाडी सहित कार्यपालिकाबाट मनोनित ६ जना-सदस्यहरू

(ङ) राष्ट्रिय स्तरमा खेलकुद सम्बन्धी संस्थाहरुबाट सिफारिस भई आएका व्यक्तिहरु मध्येबाट अध्यक्षले मनोनीत गरेका २ जना -सदस्यहरू

(च) अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा स्वर्णपदक विजेता यस गाउँपालिका भित्रको खेलाडी समितिको मानार्थ सदस्य रहनेछ

(च) प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी, सदस्य-सचिव

(३) समितिले आवश्यक देखेमा कुनै स्थानिय, स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको कार्यालय पाँचपोखरी थाङपाल गाउँपालिकामा रहनेछ ।

## ४. समितिको संरक्षक :

(१) गाउँपालिका अध्यक्ष समितिको संरक्षक हुनेछ ।

(२) अध्यक्षले समितिको बार्षिक प्रतिवेदन गाउँपालिका प्रमुख समक्ष पेश गर्नेछ ।

**५. निर्देशन पालना गर्नु पर्ने :**

संरक्षकले दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**६. पदावधि :**

(१) मनोनीत सदस्यहरुको पदावधि पाँच बर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरुको पुनः मनोनयन हुन सक्नेछ ।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिको लागि दफा ३ को प्रकृया बमोजिम पद पूर्ति गरिनेछ ।

(३) सदस्यले राजीनामा गरेमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ ।

(४) कुनै सदस्यले आफ्नो कर्तव्य पालन गरेको छैन लागेमा समितिको सिफारिसमा गाउँपालिकाले त्यस्तो सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ । त्यस्तो कारवाही गर्दा सम्बन्धित सदस्यलाई सफाई दिने मौकाबाट बञ्चित गरिने छैन ।

**७ सदस्यको अयोग्यता :**

देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैन :-

(क) गैर नेपाली नागरिक,

(ख) समितिमा कार्यरत बैतनिक कर्मचारी,

(ग) साहुको ऋण तिर्न नसकी दामासाहीमा परेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाएको ।

(ङ) मगज विग्रेको ।

(च) पदेन सदस्य बाहेक अन्य सदस्य पच्चिस वर्ष उमेर पुरा नभएको ।

**८. सदस्यता समाप्त हुने अवस्था :**

देहायको अवस्थामा सदस्यता समाप्त भएको मानिनेछ :-

(क) दफा ७ बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा,

(ख) सदस्यले राजीनामा गरेमा,

(ग) मृत्यु भएमा, वा

(घ) समितिलाई कारण सहितको सूचना नदिई लगातार तीन पटक भन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा ।

**९ समितिको बैठक र निर्णय :**

(१) अध्यक्षबाट निर्देशन भए अनुसार सदस्य-सचिवले मिति, समय र स्थान तोकी समितिको बैठक बोलाउनेछ ।

(२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले र निज पनि अनुपस्थित भएमा सदस्यहरुले आफु मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठक बर्षको कम्तिमा चार पटक बस्नेछ ।

(५) जम्मा सदस्य संख्याको तीन खण्डको एक खण्ड सदस्यहरुले मनासिव माफिकको कारण देखाई बैठक बोलाइयोस भनी अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले यथाशीघ्र बैठक बोलाउनु पर्नेछ ।

(६) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिन पाउनेछ ।

(७) सदस्य-सचिवले बैठकको निर्णय पुस्तिका राख्नेछ ।

(८) यस नियममा लेखिए देखि बाहेक बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारित गरे बमोजिम हुनेछ ।

**१०. समितिको काम, कर्तव्य र अधिकार :**

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) खेलकुदको स्तरमा बृद्धि गर्न समय समयमा वडास्तर, पालिकास्तर, जिल्ला, क्षेत्र, राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा खेलकुद प्रतियोगिताहरुको आयोजना गर्ने ।

(ख) खेलकुद सम्बन्धी प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी, समितिका सदस्य तथा कर्मचारीलाई विदेश पठाउन गाँउकार्यपालिकालाई सिफारिस गर्ने ।

(ग) गाउँपालिकालाई खेलकुद सम्बन्धी कुरामा सल्लाह दिने ।

(घ) खेलकूद सम्बन्धी संस्थालाई आर्थिक वा अन्य सहयोग प्रदान गर्ने वा त्यस्तो सहयोगको लागि गाउँपालिकालाई समक्ष सिफारिस गर्ने ।

(ङ) शिक्षण संस्थाहरुमा खेलकुद सम्बन्धी प्रशिक्षण, प्रतियोगिता संचालन गर्ने तथा खेलकुदको उपयोगिताका सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने ।

(च) खेलकुद सम्बन्धी स्तर बढाउने पुस्तक, पर्चा, स्लाइड, चलचित्र वा भिडियो चलचित्र आदिको लेखक वा निर्मातालाई आर्थिक वा अन्य सहयोग प्रदान गरी प्रोत्साहित गर्ने,

(छ) खेलकुदको उत्तरोत्तर विकासको लागि गाउँपालिकामा एक रंगशाला स्थापना गरि तिनीहरुको संरक्षण र रेखदेख गर्ने ।

(ज) खेलकुदको विकासको लागी वडा स्तरमा खेलकुद विकास समिति गठन गरी खेल मैदान स्थापना गर्ने ।

(झ) खेलकुद सम्बन्धी संस्थालाई सयम समयमा आवश्यक निर्देशन दिने ।

(ञ) खेलाडीहरुको स्तरबृद्धि गर्न आवश्यकता अनुसार स्वदेशी तथा विदेशी प्रशिक्षकहरुबाट तालिम दिलाउने व्यवस्था गर्ने र उपयुक्त खेलाडीको छनौट गरी आवश्यकतानुसार विदेशमा समेत तालिम हासिल गर्न पठाउनको लागि गाँउकार्यपालिकालाई सिफारिस गर्ने,

तर विदेशी प्रशिक्षक झिकाउँदा समितिले नेपाल सरकार र गाँउपालिकाको पूर्व स्वीकृति लिएको हुनु पर्नेछ ।

(ट) खेलाडीहरुलाई आर्थिक सहायता तथा छात्रबृद्धि प्रदान गर्नको लागि गाउँपालिका समक्ष सिफारिस गर्ने,

(ठ) खेलाडीको स्वास्थ्यको संरक्षण गर्नको लागि आवश्यक व्यवस्था गर्ने,

(ड) विभिन्न कारणबाट शारीरिक तथा मानसिक रुपमा विकला हुन पुगेका अपाङ्गहरुको खेलकुदको विकास गर्न तालिम तथा प्रतियोगिता संचालन गर्ने व्यवस्था गर्ने र आवश्यकता अनुसार त्यस्तो खेलकुदको महत्वको सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने,

(ढ) खेलकुदको विकासको लागि अन्य आवश्यक व्यवस्थाहरु गर्ने तथा गराउने ।

**११. समिति वा उपसमिति गठन गर्न सक्ने :**

(१) समितिले यो ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूले गर्नु पर्ने कुनै काम गर्नको निमित्त आवश्यकतानुसार समिति वा उपसमितिहरु गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित समिति वा उपसमितिहरुको काम, कर्तव्य, अधिकार र कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

**१२. खेलकुद सम्बन्धी संस्थाको दर्ता :**

(१) खेलकुद सम्बन्धी गतिविधि सञ्चालन गर्न प्रचलित कानून बमोजिम दर्ता भएको संस्थाले समितिमा समेत दफा १४ बमोजिम दर्ता गर्नु पर्नेछ ।

**१३. नाम दर्ताको लागि दरखास्त दिनु पर्ने :**

(१) समितिको लगतमा नाम दर्ता गराउन चाहने खेलकुद सम्बन्धी संस्थाले देहायका कुराहरु खुलाई समितिमा नाम दर्ताको लागि दरखास्त दिनु पर्नेछ :-

(क) संस्थाको नाम र ठेगाना ।

(ख) संचालन गरिने खेलकुदको किसिम ।

(ग) कार्यकारिणी समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिदा खेलकुद सम्बन्धी संस्थाले आफ्नो विधानको एकप्रति समेत दरखास्त साथ संलग्न गरेको हुनु पर्नेछ ।

**१४. खेलकुद सम्बन्धी संस्थाको नाम दर्ता गर्न सक्ने :**

(१) दफा १४ बमोजिम नाम दर्ता गराउनको लागि खेलकुद सम्बन्धी संस्थाको दरखास्त परेमा त्यस्तो दरखास्त प्राप्त भएको मितिले पैतीस दिनभित्र समितिले आवश्यक जाँचबुझ गरी त्यस्तो खेलकुद सम्बन्धी संस्थालाई आफ्नो लगतमा नाम दर्ता गर्न सक्नेछ ।

## १५. हेरफेरको सूचना गर्नु पर्ने :

(१) यो ऐन बमोजिम समितिको लगतमा नाम दर्ता भएको खेलकुद सम्बन्धी संस्थाले दफा १४ बमोजिम नाम दर्ताको लागि दिएको दरखास्तमा उल्लेख भएको व्यहोरा वा दरखास्त साथ संलग्न विधानको व्यहोरामा कुनै हेरफेर भएमा त्यसरी हेरफेर गर्नु परेको कारण सहितको सूचना पन्ध्र दिन भित्र समितिलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम हेरफेर सूचना प्राप्त भएपछि त्यस्तो हेरफेर गुर्नपर्ने कारण मनासिव देखेमा समितिले त्यस्तो हेरफेर व्यहोरा लगतमा जनाई लगत अध्यावधिक बनाई राख्नु पर्नेछ ।

## १६. खेलकुद सम्बन्धी संस्थाले हिसाबको श्रेस्ता, राख्नु पर्ने :

(१) खेलकुद सम्बन्धी संस्थाले आफ्नो आम्दानी खर्चको हिसाबको श्रेस्ता समितिले तोकि दिएको ढाँचामा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खेलकुद सम्बन्धी संस्थाले राखेको श्रेस्ताको जाँचबुझ गाउँपालिकाले जहिले सुकै पनि गराउन सक्नेछ ।

(३) समितिले उपदफा (२) बमोजिम खेलकुद सम्बन्धी संस्थाले राखेको श्रेस्ताको जाँचबुझ गर्दा गराउँदा आम्दानी खर्चको हिसाब किताब अनियमित भएको वा रकम हिनामिना भएको रकम सम्बन्धि व्यक्तिबाट

असुल उपर गर्न गराउन आवश्यक कारवाही चलाउनु पर्नेछ ।

**१७. समितिले निर्देशन दिन र लगतबाट नाम कट्टा गर्न सक्ने :**

(१) समितिले खेलकुद सम्बन्धी संस्थालाई खेलकुदको विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित खेलकुद सम्बन्धी संस्थाको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिम समितिले दिएको निर्देशनको पालना नगर्ने खेलकुद सम्बन्धी संस्था वा उपदफा १७ बमोजिम समितिले तोकिएको ढाँचामा आफ्नो आम्दानी खर्चको हिसाब किताबको श्रेस्ता नराख्ने वा रकम हिनामिना गर्ने खेलकुद सम्बन्धी संस्थाको नाम समितिले आफ्नो लगतबाट कट्टा गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम समितिले आफ्नो लगतबाट कुनै खेलकुद सम्बन्धी संस्थाको नाम कट्टा गरेमा त्यसको सूचना सम्बन्धित खेलकुद सम्बन्धी संस्थालाई दिनु पर्नेछ ।

**१८. समितिको स्वीकृति लिनु पर्ने :**

खेलकुद सम्बन्धी संस्थाले अन्तराष्ट्रिय खेलकुद प्रतियोगिता वा अन्तराष्ट्रिय खेलकुद विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई पठाउन वा नेपालमा हुने खेलकुद प्रतियोगिता वा अन्तराष्ट्रिय खेलकुद विषयको सभा वा

सम्मेलनमा अन्य देशको खेलाडी वा अधिकारीहरुलाई आमन्त्रण गर्न गाउउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।

**१९. समितिको कोष :**

(१) समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) खेलकुद सम्बन्धी प्रशिक्षण प्रदान गरे बापत लिने शुल्क,

(ग) खेलकुद प्रदर्शन गरी आर्जन भएको रकम,

(घ) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरुप प्रदान गरेको रकम,

(ङ) अन्तराष्ट्रिय संघ संस्था, विदेशी सरकार वा एजेन्सीबाट प्राप्त रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ङ) अन्तर्गत रकम प्राप्त गर्न समितिले गाउँपालिकाको पुर्व स्वीकृति लिनु पर्नेछ ।

(३) समितिको नामबाट गरिने सबै खर्च कोषबाट व्यहोरिनेछ ।

(४) समितिको कोषमा रहने रकम नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) समितिको खाता संचालन तोकिए बमोजिम हुनेछ ।

**२०. सम्झौता गर्दा गाउँपालिकाको स्वीकृति लिनु पर्ने :**

समितिले आफ्नो कार्य सञ्चालनको सिलसिलामा विदेशी सरकार वा अन्तराष्ट्रिय संस्था वा विदेशी संस्था वा व्यक्तिसँग सम्झौता गर्दा गाँउपालिकाको स्वीकृति लिनु पर्नेछ ।

**२१. सदस्यहरुको भत्ता :**

(१) सदस्यहरुले समितिको बैठकमा भाग लिए वापत प्रति बैठक रु पन्ध्रसयका दरले बैठक भत्ता पाउनेछन् ।

**२२. समितिको कर्मचारी :**

(१) समितिले आफ्नो कोषबाट खर्च व्यहोर्ने गरी आवश्यकतानुसार कर्मचारीहरु नियुक्ति गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्ति परिष्द्का कर्मचरीहरुको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्तहरु तोकिए बमोजिम हुनेछ ।

**२३ अधिकार प्रत्यायोजन :**

समितिका पदाधिकारीहरुले यस ऐन बमोजिम बन्ने नियमावलीमा व्यवस्था भए बमोजिम आफुलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार समितिका पदाधिकारीहरुलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**२४. गाउँपालिकाले निर्देशन दिन सक्ने :**

(१) गाउँपालिकाले खेलकूदको विकास गर्नको लागि समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**२५. सजाय :**

(१) समितिको कुनै कर्मचरीले जानी-जानी वा लापरवाही गरी वा बदनियत साथ समितिलाई हानी नोक्सानी पुर्‍याएमा निजबाट बिगो असूल गरी निजलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैँयासम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

(२) समितिको कुनै कर्मचारीले समितिको लेखापरीक्षण गर्ने कार्यमा खटिएका लेखापरीक्षकलाई निजको काम काजमा बाधा अवरोध गरेमा वा निजले मागेको आवश्यक लिखत वा सूचना नदिएमा त्यस्तो कर्मचारीलाई दुईहजार रुपैँयासम्म जरिवाना हुनेछ ।

(३) उपदफा (१) र (२) मा लेखिएदेखि बाहेक समितिको कुनै कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको बर्खिलाप हुने गरी कुनै काम कारबाही गरेमा निजलाई एक हजार रुपैँयासम्म जरिवाना हुनेछ ।

**२६. खेलाडी प्रोत्साहन सम्बन्धी भत्ता :**

(१) अन्तर्राष्ट्रिय स्तरका खेलकूद प्रतियोगितामा यस गाउँपालिका भित्रका कुनै पनि खेलाडीले भाग लिई प्रथम, दोस्रो र तेस्रो हुने खेलाडीहरुलाई क्रमशः हवाई टिकटको पुरा भाडा, आधा भाडा, र तिस प्रतिशत भाडा बरावरको रकम नगदै र सम्मान पत्र

द्वारा सम्मानित गरिनेछ साथै अन्य अवस्थामा समितिको सिफारिस अनुसार हुनेछ ।

(२) त्यसै गरी अन्तराष्ट्रिय स्तरको प्रतियोगितामा भाग लिने अन्य खेलाडीको हकमा दर्ता शुल्क बरावरको रकम गाउँपालिकाले व्यहोर्ने छ ।

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत